## धनपालथान गाउपालिका
# गाउ कार्यपालिकाको कार्यालय
## सोराभाग, मोरङ्ग
## १ नं. प्रदेश
### शिलवन्दी वोलपत्र आव्हानको सूचना
दोस्रो पटक प्रकाशित मिति: २०७५।०४।१५

यस कार्यालयवाट आ.व. २०७५।०७६ का लागि आन्तरिक आय अन्तर्गत प्रथम पटक प्रकासित सूचनाबाट ठेक्का बन्दोबस्त हुन नसकेका तपसिल बमोजिमको ठेक्काको कर दस्तुर असुली कार्य ठेक्का वन्दोवस्त द्वारा संकलन गर्नु पर्ने भएको हुदाँ इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुवाट यो सूचना प्रकाशित भएको मितिले ८ (आठौ) दिन भित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रहि वोलपत्र फारम धनपालथान गाउपालिकाको कार्यालय, सोराभाग मोरङ्गबाट खरिद गर्न र ९ (नवौं) दिन दिनको १२.०० बजे भित्र शिलवन्दी वोलपत्र दर्ता गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४–०७५/७६ | बेतौना – मायागञ्ज सडकमा पटके सवारी कर असुली | रु.२५०००।– | ३००।– | |
| २ | ५–०७५/७६ | कदमाहा – नोचा सडकमा पटके सवारी कर असुली | रु.२५०००।– | ३००।– | |
| ३ | ६–०७५/७६ | लक्ष्मीमार्ग सोराभाग सडकको कर्सिया बिपी चोक दक्षिण भारत सिमाना सम्मको सडकमा | रु.२,००,०००।– | ५००।– | |
| ४ | ८–०७५/७६ | तपसिल अनुसारका वडा नं. ५ को बाटोहरु | | | |
| | | (क) किसान स्कुल – फुटानी चोक हुदै बबियाबिर्ता सम्मको सडकमा पटके सवारी कर असुली | रु.५,२५,०००।– | ५००।– | |
| | | (ख) दादरबैरिया चोक देखि किसान प्रा.बि. हुदै बालुघाट सम्मको सडकमा पटके सवारी कर असुली | | | |
| | | (ग) दादरबैरिया भंगा पुल देखि फुटानी चोक सम्मको सडकमा पटके सवारी कर असुली | | | |
| ५ | ९–०७५/७६ | सोराभाग पानी टंकी – बबियाबिर्ता खण्डको सडकमा पटके सवारी कर | रु.५०,०००।– | ३००।– | |
| ६ | १०–०७५/७६ | गुरुदयाल पोखरी ठेक्का धनपालथान–२ | रु.१२००००– | ५००।– | |
| ७ | १२–०७५/७६ | दानावती हाटीयाको हाट बट्टी कर असुली धनपालथान –३ | रु.१५००००।– | ५००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | १३–०७५/७६ | राजा धनपालथान हटीयाको हाट बट्टी कर असुली धनपालथान –७ | रु.१५०००।– | ३००।– | |
| ९ | १४–०७५/७६ | नोचा हटीयाको हाट बट्टी कर असुली धनपालथान –१ | रु.१५०००।– | ३००।– | |
| १० | १६–०७५/७६ | किसान चोक हटीयाको हाट बट्टी कर असुली धनपालथान –५ | रु.१००००।– | ३००।– | |

**शर्तहरु:**

१. माथि उल्लेखित ठेक्काहरुबाट कर दस्तुर असुल गर्दा धनपालथान गाउपालिकाको कार्यालय ,सोराभाग मोरङ्गले तोकिएको संकलन केन्द्रबाट मात्र ठेकदारले कर दस्तुर असुल गर्नुपर्ने छ ।

२. कर असुलीको दररेट वोलपत्र फारम साथ उपलब्ध गराईने छ ।

३. शिलवन्दी बोलपत्र, बोलपत्र फारम खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे भित्र धनपालथान गाउपालिकाको कार्यालय सोराभाग, मोरङमा दर्ता गराई सक्नु पर्ने छ । साथै सो भन्दा अगावै समेत कार्यालय समय भित्र शिलवन्दी वोलपत्र दर्ता गराउन सकिनेछ ।

४. ठेक्का अवधि सम्झौता भएको मिति बाट २०७६ असाढ मसान्त सम्म हुनेछ ।

५. बोलपत्र दाताले खामको वाहिरपट्टी ठेक्काको विवरण, धनपालथान गाउपालिकाको कार्यालय सोराभाग, मोरङ भनि प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्ने छ ।

६. शिलवन्दी वोलपत्र फारम साथ दर्ता भएको फर्म ईजाजत पत्रको प्रतिलिपी, आन्तरिक राजस्व कार्यालयवाट प्राप्त स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलीपी र र आ.व.२०७४।०७५ को आय कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत संलग्न हुनु पर्नेछ र ब्यक्तिको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनुपर्ने छ । धरौटी वापत कवोल अंकको ५% रकम यस कार्यालयको नाममा कृषि बिकास बैक मुख्य शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता नं. ०६०१६०११५०४४००४२ मा नगदै धरौटी रकम जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७. कवोल रकम अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

८. शिलवन्दी वोलपत्र दाखिला गर्ने अन्तिम दिन दिनको २.०० बजे यस कार्यालयमा नियमाअनुसार खोलिने छ । वोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन वा वोलपत्र खोलिने दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

९. अन्य शर्तहरु मिति २०७५।०३।२७ मा प्रकाशित सूचना बमोजम हुनेछ ।

..............................

प्रमुख प्रशासकिय अधिकृत

धनपालथान गाउपालिकाको कार्यालय,

सोराभाग, मोरङ्ग ।